**सम्वत् २०७८ साल पुस २७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "बागमती प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रम, २०७८" स्वीकृत गर्ने। |
| २. | विशेष अनुदानका क्रमागत समेत १० वटा आयोजना/कार्यक्रमहरू छनौट गर्ने । |
| ३. | संघीय समपूरक अनुदानका क्रमागत समेत १५ वटा आयोजना/कार्यक्रमहरू छनौट गर्ने । |
| ४. | "प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८" स्वीकृत गर्ने। |
| ५. | "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८" प्रदेश राजपत्रमा अतिरिताङ्कको रूपमा प्रकाशन गर्ने गरी स्वीकृत गर्ने। |
| ६. | यातायात व्यवस्था सेवा कार्यालय, भरतपुर, चितवनको लागि आवश्यक जग्गा प्राप्ति तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्न लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने। |
| ७. | स्वास्थ्य मन्त्रालय र मातहतका अस्पताल र स्वास्थ्य संस्थामा २०७८ श्रावण १ गते देखि २०७९ असार मसान्तसम्मका लागि ४७९ जनाको अस्थायी दरबन्दी स्वीकृत गरी करार सेवामा जनशक्ति पूर्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | "कोभिड-१९ व्यवस्थापन प्रदेश निर्देशक समिति" गठन गर्न स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल पुस १४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्‌को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा राजु नेपाल, सूर्यविनायक-५, कटुन्जे, भक्तपुरलाई नियुक्त गर्ने। |

**सम्वत् २०७८ साल पुस ९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा डा. कृष्ण राज पन्त, रासी नगरपालिका-२, गड्यौलीलाई र सदस्य पदमा प्रल्हाद लामिछाने, मकवानपुरगढी-४, मकवानपुरलाई नियुक्त गर्ने। |
| २. | "प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८" स्वीकृत गर्ने। |
| ३. | बागमती प्रदेशको काठमाडौं उपत्यका बाहेकका दश जिल्लामा "नयाँ प्रहरी इकाई भवन निर्माण (बहुवर्षीय)" योजना स्वीकृत गरी बागमती प्रदेश मुख्यालय सहित २८ (अट्ठाइस) वटा प्रहरी इकाई भवनहरू निर्माण गर्न अख्तियारी प्रदान गर्ने तथा कन्टिन्जिन्शी सम्बन्धमा मन्त्रालयले नियमानुसार कार्यविधि निर्माण गरी व्यवस्थापन गर्ने । |
| ४. | "प्रदेश अनुसन्धान ब्यूरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ५. | "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८ (शिक्षा तर्फ)" स्वीकृत गर्ने । |
| ६. | "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८" स्वीकृत गर्ने। |
| ७. | प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |

**सम्वत् २०७८ साल पुस ७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सम्पदा संरक्षण तथा पुननिर्माण कार्यक्रम मध्ये ७९ वटा क्रियाकलापहरूको जम्मा बजेट रु.१०,६०,००,०००।-(अक्षेरेपि रु दश करोड साठी लाख) कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउने। |
| २. | बागमती प्रदेश सरकारमा सहभागी राजनीतिक दलहरूको तर्फबाट माननीय मुख्यमन्त्री समक्ष पेश भएको "सरकारका न्यूनतम साझा कार्यक्रम, २०७८" को मस्यौदा उपर अध्ययन गरी मन्त्रिपरिषद्मा पेश गर्न कार्यदल गठन गर्ने। |